# बाल आवाज

आरआरएन/प्राथमिक शिक्षा, स्वास्थ्य र पोषण परियोजनाको त्रैमासिक प्रकाशन

संख्या २, २०७१ बैशाख-असार (२०१४ अप्रिल-जुन)

## कोराकमा शैक्षिक जागरण



■ वृत्त महतो

**शिक्षा, स्वास्थ्य र पोषण परियोजनाको पहलमा कोराक गाविसमा गाउँ शिक्षा समिति गठन भएको छ।**

आरआरएनको प्राथमिक शिक्षा, स्वास्थ्य र पोषण परियोजना चितवनको कोराक गाउँ विकास समितिको नौ वटै वडामा सञ्चालित छ। यस परियोजनाले शिक्षामा बढीभन्दा बढी पहुँच पुऱ्याउनका लागि विद्यालय केन्द्रित विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ।

विद्यार्थी नियमित गराउन तथा विद्यालय छाड्ने दर घटाउने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालित छन् । जसमा विद्यालयका शिक्षकहरूका लागि बालमैत्री विद्यालय सुधार, बालकेन्द्रित सिकाई विधि र विद्यालय सुधार योजनाजस्ता विषयहरूमा तालिम उपलब्ध गराइएको छ। त्यस्तै, विद्यालय छाड्ने र सुस्त सिकाई भएका विद्यार्थीहरूलाई छिटो सिक्ने र पुनः विद्यालय भर्ना हुने वातावरण सिर्जना गर्नका लागि बृजकोर्ष कक्षा पनि सञ्चालनमा ल्याएको छ। कोराक गाविसको जम्मा १२ वटा विद्यालयमध्ये हालसम्म ५ वटा विद्यालयमा कक्षा १ तथा २ का विद्यार्थीहरूलाई बस्ने सामाग्री र शैक्षिक सामाग्री सहयोग गरेको छ।

त्यस्तै, राष्ट्रिय प्राथमिक विद्यालय सुरखण्डी र कोराक-३, बाल विकास केन्द्र बेलडाँडा भवन मर्मत सम्भार गरी विद्यार्थीको पठनपाठनमा सहयोग पुऱ्याएको छ (हेर्नुहोस् तस्बिर) । बाल विकास केन्द्र बेलडाँडाका ३० जना बालबालिकालाई विद्यालय पोशाक पनि प्रदान गरिएको छ। अन्य ६ वटा विद्यालयका बाल विकास केन्द्रमा बस्ने सामाग्री सहयोग गरेको छ । त्यसैगरी कोराक गाविसको एकमात्र माध्यमिक विद्यालय रा.मा.वि.स्वामीटारमा डेस्क बेञ्चलगायत विज्ञान विषय अध्यापनका लागि शैक्षिक सामाग्री पनि उपलब्ध गराएको छ। विद्यार्थीहरूको बौद्धिक क्षमता अभिवृद्धिका लागि विद्यालयहरूमा विभिन्न दिवसको अवसर पारी अतिरिक्त क्रियाकलापमा सामाग्री प्रदान गरी सहभागी हुनका लागि पनि सहयोग गर्दै आईरहेको छ।

परियोजनाको समन्वयमा कोराक गाविसका विभिन्न ५ वटा विद्यालयहरूमा विद्यालय सुधार योजनाको पुनरावलोकन कार्यक्रम सम्पन्न गरिएको छ । यसभन्दा अघि सुधार योजना कार्यक्रममा शिक्षक, विद्यालय व्यवस्थापन समिति र केही मात्रामा अविभावकको सहभागिता रहेको थियो। आगामी विद्यालय सुधार योजनामा बालबालिकालाई पनि पूर्ण रुपमा सहभागी गराउने विद्यालयका सरोकारवालाहरूले प्रतिवद्धता जाहेर गरेका छन् । पुनरावलोकन कार्यक्रममा हालसम्म योजना कार्यान्वयनको क्रममा आईपरेका समस्या, चुनौती र समाधानको विषयमा समिक्षा गरियो।

शिक्षा, स्वास्थ्य र पोषण परियोजनाको पहलमा कोराक गाविसमा गाउँ शिक्षा समिति गठन भएको छ । उक्त गाविसका गाविस सचिव चन्द्रकान्त न्यौपानेको अध्यक्षतामा गठित समितिको अनुगमन जिल्ला शिक्षा कार्यालय चितवन अन्तर्गत पर्ने भण्डारा श्रोत केन्द्रका श्रोत व्यक्ति बोम प्रसाद अर्यालको जिम्मेवारीमा छ। सो गाविस अन्तर्गतका सम्पूर्ण विद्यालयको आगामी विद्यालय सुधार योजना बनाईसकेपछि असार महिनामा गाउँ शिक्षा योजना निर्माण गर्ने लक्ष्य राखिएको छ।

## यस अंकमा

✓ नेपालमा शैक्षिक अवस्था...
✓ मातृभाषामा शिक्षा
✓ टिनको छानो कथा
✓ बाल सिर्जना
✓ चेपाङ तमाङ बस्तीमा...
✓ बालबृद्धि अनुगमन तालिम



■ बालकृष्ण चौधरी

# नेपालमा शैक्षिक अवस्थाः एक विश्लेषण

**प्रायः बालबालिकाहरू घरको आर्थिक स्थिति कमजोर रहेकाले विद्यालय जानबाट बञ्चित छन् भने विद्यालयमा गुणस्तरीय शिक्षाको अभावले गर्दा पनि बालबालिकाहरू विद्यालय छोड्ने प्रवृत्ति देखिन्छ।**

नेपालको शैक्षिक अवस्थामा विस्तारै सुधार आइरहेको छ। पछिल्लो तथ्याङ्क अनुसार नेपाल सरकारले ३६ वटा जिल्लालाई पूर्ण साक्षरता जिल्ला घोषणा गर्न थालेको छ। तर पनि धेरैवटा जिल्लाहरूमा साक्षरता दर अति न्यून रहेको अवस्था छ। त्यसमाथि समाजमा खासगरी अति विपन्न समुदायका बालबालिकाहरू विद्यालय जानबाट बञ्चित नै छन्।

संख्यात्मक रूपमा नेपालले गएको दशकमा शिक्षा क्षेत्रमा उल्लेखनीय उपलब्धी हासिल गरेको छ। करीब ९२ प्रतिशत विद्यालय जाने उमेरका बालबालिकाहरू प्राथमिक तहमा विद्यालय भर्ना भएका छन् । भर्ना हुने केटा र केटीको संख्या पनि लगभग बराबरी अवस्थामा छ। नेपालले आफ्नो कुल ग्राहस्थ उत्पादनको करीब ४ प्रतिशत शिक्षा क्षेत्रमा लगानी गरेको छ। तीमध्ये पनि उल्लेख्य रुपमा आधारभूत तथा प्राथमिक शिक्षामा लगानी गरेको छ। तर विश्वब्यापी मापदण्ड अनुसार कुनै पनि देशले आफ्नो कुल ग्राहस्थ उत्पादनको कम्तिमा पनि ५ प्रतिशत शिक्षा क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ। तापनि नेपाल सरकारले शिक्षा क्षेत्रमा गएको पाँच वर्षभित्र राष्ट्रिय बजेटको दोब्बर लगानी गरेको छ।

शिशु कक्षा अथवा बाल विकास केन्द्रहरू भनेका शिक्षाको जग बलियो बनाउने र बालबालिकाको सिकाईलाई गुणस्तरीय बनाउन मद्दत गर्छ। त्यसैले सरकारले बाल विकास केन्द्रहरूलाई प्राथमिकतामा राख्नु स्वभाविकै हो। यस अन्तरगत नेपाल सरकारले हालसम्म ३१ हजार भन्दा बढीको संख्यामा बालविकास केन्द्रहरू स्थापना गरी सञ्चालन गरिरहेको छ भने सो संख्यामा थप गरेर ७४ हजार पुऱ्याउने लक्ष्य राखेको छ।

नेपालमा हाल ४० प्रतिशत महिला शिक्षकहरू प्राथमिक तहमा, १७ प्रतिशत निम्न माध्यमिक तहमा र जम्मा १ प्रतिशत प्राथमिक तहमा कार्यरत छन्। जसरी केटीहरूको भर्ना दरमा बृद्धि भएको सन्दर्भमा महिला शिक्षिकाहरूको कोटा पनि सोही अनुसार बढाउनु पर्ने हुन्छ। यस हिसाबले भन्नु पर्दा करीब ६० हजार शिक्षकहरूको भर्ना गर्नुपर्ने देखिन्छ। त्यसैगरी बालविकास केन्द्रको सहजकर्ताहरूको पनि नियुक्त गर्नुपर्ने देखिन्छ। साथै बालविकास केन्द्रहरूको सहजकर्ताहरूको मासिक पारिश्रमिक न्यून भएकोले बीचैमा छोड्ने परम्परा बढी नै रहेको छ। साथै, तालिमप्राप्त सहजकर्ताहरूले छोडेको खण्डमा उनीहरूको सट्टामा नयाँ आएकालाई आधारभूत तालिम प्रदान गर्नुपर्ने जरुरी देखिन्छ।

ती बालबालिकाहरू जसले विद्यालय जान पाउने अवसर पाइरहेका छन् । तिनीहरूमध्ये जम्मा ८१ प्रतिशतले मात्र प्राथमिक तह पूरा गर्ने गरेका छन्। त्यसमाथि १५ देखि २४ वर्ष उमेरको युवाहरूको साक्षरता दर पनि ७३ प्रतिशत मात्र छ। यस सन्दर्भमा हेर्ने हो भने नेपालले सहश्राव्दी विकास मध्ये लक्ष्य नं. २ पूरा गर्न नसक्ने देखिन्छ, जस अन्तरगत नेपालले सन् २०१५ सम्म शत प्रतिशत प्राथमिक तहमा खुद भर्ना दर हुनुपर्ने, ५ कक्षा पूरा गर्ने दर शत प्रतिशत हुनुपर्ने र १५ देखि २४ वर्षका युवाहरूको साक्षरता दर पनि शत प्रतिशत हुनुपर्ने हुन्छ।

समग्रमा भन्नु पर्दा अहिले पनि शिक्षा क्षेत्रमा थुप्रै चुनौतीहरू रहेका छन्। प्रायः बालबालिकाहरू घरको आर्थिक स्थिति कमजोर रहेकाले विद्यालय जानबाट बञ्चित छन् भने विद्यालयमा गुणस्तरीय शिक्षाको अभावले गर्दा पनि बालबालिकाहरू विद्यालय छोड्ने प्रबृत्ति देखिन्छ। विद्यालयमा अहिले पनि बालमैत्री शिक्षण सिकाई लागू गर्न जरुरी छ, ब्यावहारिक शिक्षाको खाँचो छ। जसको कारणले बालबालिकाहरूको शिक्षण सिकाई प्रक्रियामा सहभागिता होस् र सिकाई दीगो हुन सकोस्। अर्कोतर्फ पहाडी क्षेत्रको विद्यालयमा पढ्न आउनको लागि बालबालिकाहरू ३ देखि ४ घण्टासम्म पैदल हिंडेर विद्यालय पुग्नु पर्ने अवस्था विद्यमान छ र उनीहरू भोकै विद्यालयमा बस्नु पर्ने बाध्यता छ। हाम्रो देशमा अपवादबाहेक विद्यालयमा दिउँसोको खाजाको व्यवस्था नहुँदा त्यस्ता विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको कक्षा छाड्ने क्रम बढ्दो छ।

# कथा लेख्न सिक्ने कि ?




हामीले सानैमा आफ्नो गाउँघरका बारेमा धेरै कथा सुनेका हुन्छौं । आफ्नोगाउँकोनामकसरी पऱ्यो ? गाउँलेले प्रयोग गर्ने खोला, नदी, पोखरी आदिको नाम कसरी जुऱ्यो ? आदि आदि । तर ती कतिपय कथा मौखिक हुन्छन्, लिखित रुप नलिँदै हराएर जान्छन् ।

यस्तैमा बालवाङमय तथा अनुसन्धान केन्द्रले बालकथा लेखनको तालिम दिलाएर 'टौदहका कथाहरु' सिर्जना गराएको छ । शुभकामना एकेडेमीका टौटह, कीर्तिपुरमा अध्ययनरत १३ जना विद्यार्थीले लेखेका १४ कथा यसमा समेटिएका छन् । पुस्तकको भूमिकामा विनयकुमार कसजु लेख्नु हुन्छ- "पहिले काठमाडौं ठूलो ताल थियो । मञ्जुश्रीले चोभारको डाँडो काटेर पानीको निकास दिएपछि वर्तमान काठमाडौं बनेको किम्वदन्ती छ । त्यही क्रममा तालमा बस्ने कर्कोटक नाग ताल रित्तिएपछि टौदह पोखरीमा बस्न थालेको लोककथा प्रचलित छ । साथै, ललितपुरमा हरेक वर्ष हुने भोटो जात्रामा देखाइने भोटो तिनै कर्कोटक नागराजाको हो भन्ने आख्यान छ । टौदहमा नागराज कर्कोटक बस्छन् भन्ने बलियो जनविश्वास भएकाले त्यहाँ वर्षेनी नागपञ्चमीको दिनमा पूजा हुन्छ र मेला लाग्छ । त्यही विश्वासले पोखरीको सुरक्षा पनि भइरहेको देखिन्छ ।"

यसमा रहेका प्रायः कथामा टौदह पोखरीमा बस्ने माछा, भ्यागुता, सर्प, कछुवा, चरा, आदि पात्रलाई टौदहको महत्व दर्शाउँदै कथा लेखिएको छ। यी कथाले टौदहको महत्वलाई थप उजागार गर्छन्, पाठकलाई टौदह घुम्न आमन्त्रण गर्छन् ।

बाल बाङमयले ५ वर्षभित्र ५ सय बालबालिकालाई कथा लेखनसम्बन्धी तालिम दिएर कथा लेखाउने लक्ष्य राखेको छ । आफ्नो गाउँठाउँको लोककथालाई आफ्नै मौलिक पाराले प्रस्तुत गर्ने र गाउँठाउँको लुकेको पाटोलाई उजागर गर्नेमा बालबालिका स्वयम्ले लेखेका कथाले अझ महत्वपूर्ण भूमिका खेल्न मद्दत गर्छ । टौदहका कथाले त्यस्तै बाटो देखाएको छ । भाईबहिनीहरुले पनि आफ्नो गाउँ तथा त्यस वरिपरिको वातावरणबारे कुनै कथा जानेसुनेको भए पुनकर्थन गरेर नयाँ कथा सिर्जना गर्न सक्छन् । पुस्तकले यस्तै सन्देश दिन्छ ।

**बुनु थारू**

# बालबालिकाको नैसर्गिक अधिकारः मातृभाषामा शिक्षा



■ दीपक तुलाधर

कतिपय अभिभावकले अङ्ग्रेजी भाषालाई महत्व दिएर प्राथमिक तहमा मातृभाषाको महत्वलाई नकारेको अवस्था देखिन्छ । जबकि आफ्नै मातृभाषामा पढ्न पाउने बालबालिकाले छिटो सिक्छन् भन्ने विभिन्न शिक्षाविद्हरूका अध्ययनले देखाएका छन् । बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ ले सन् २०१५ सम्ममा आधारभूत विद्यालय शिक्षा (कक्षा १ देखि ८ सम्म) तहको ७ हजार ५ सय विद्यालयमा माध्यमको रूपमा मातृभाषामा पढाइ थाल्ने लक्ष्य लिएको छ । तर मातृभाषामा पढाईको अवस्था यति सुस्त छ कि त्यो लक्ष्य पूरा हुने छाँट देखिदैन ।

शिक्षा विभाग, समाहित शिक्षा शाखाले बहुभाषीक शिक्षाबारे हेर्ने गरेकोमा हाल बहुभाषिक शिक्षा शाखा छुट्टै व्यवस्था गरिएको छ । सो शाखामा प्राप्त तथ्याङ्क अनुसार २०७० सम्म देशको कूल २४ विद्यालयमा मात्रै मातृभाषामा माध्यमको रूपमा बहुभाषिक शिक्षाको पढाईको व्यवस्था हुन सकेको छ । आगामी शैक्षिक सत्रमा कति विद्यालयले यस्तो अनुमति लिएका छन् ? सोको रेकर्ड पनि बहुभाषिक शिक्षा शाखामा छैन ।

आज विश्वमा लगभग सात हजार भाषा बोलिन्छन् । तीमध्ये ९० प्रतिशत भाषा अत्यन्त लोपोन्मुख अवस्थामा पुगिसकेका छन् । टोभे स्कुटनाव-काङ्गास (सन् २०००) का अनुसार यस शताब्दीको अन्त्य सम्ममा ९० प्रतिशत मातृभाषा लोप भइसक्ने छन् । नेपालमा १ सय २३ भाषा बोल्ने गरेको तथ्य राष्ट्रिय जनगणना २०११ को प्रतिवेदनले सार्वजनिक गरेको छ । यीमध्ये एक लाखभन्दा कम वक्ता भएका लोपोन्मुख र अत्यन्तै लोपोन्मुख भाषाको सङ्ख्या ८२ भन्दा धेरै छन् र यी पनि लोप हुनेछन् (तामाङ २०६९) ।

**ऐनमा के छ ?**

नेपालको संविधान २०४७ ले नेपाललाई बहुजातीय, बहुभाषिक अधिराज्यको रूपमा स्वीकार गरी नेपालका विभिन्न भागमा मातृभाषाको रूपमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा हुन् भनी पहिलो पटक व्यवस्था गऱ्यो तर अन्य भाषा प्रवर्द्धनका लागि खासै कुनै काम गरिएन । खासगरी जनआन्दोलन २०६२/६३ पछि सबै भाषाभाषीले समान अवसर पाउनुपर्छ भन्ने स्वरको बाढी उर्लिएपछि मात्र अन्तरिम संविधान २०६३ ले नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्र भाषा भनी अंगिकार गऱ्यो (सर्वहारी २०६७: १४) ।

नेपालको विद्यालय शिक्षा पद्धतिको मूल दस्तावेज मानिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ माघ २५ गतेबाट प्रारम्भ भयो । यस दस्तावेजले २ बर्षभित्र मातृभाषा सम्बन्धी नीतिगत ब्यवस्था गरी तद्अनुरूप शिक्षक तयार गरेर मातृभाषामा शिक्षा लागु गर्ने प्रतिबद्धता जाहेर गऱ्यो । नेपाल सरकार, शिक्षा मंत्रालयको वहुभाषिक शिक्षा कार्यन्वयन निर्देशिका २०६६ को प्रस्तावनामा भनिएको छ- सवै बालवालिकाहरूलाई आधारभूत गुणात्मक शिक्षा प्रदान गर्ने नेपाल सरकारको प्रयासमा सहयोग पुऱ्याउन मातृभाषामा शिक्षा लिन पाउने अधिकार स्थापित गर्ने कार्यमा भाषिक समुदाय, विद्यालय व्यवस्थापन समिति, स्थानीय निकाय, सामुदायिक एवम् गैरसरकारी संघ संस्था आदि सवै पक्षको महत्वपूर्ण भूमिका हुने भएकोले विद्यालयीय शिक्षासँग सम्वन्धित सवैको भूमिका सुनिश्चित गरी मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्ने उद्देश्यले निर्देशिका जारी गरिएको छ । सोही अनुरूप प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउने व्यवस्था तथा आफ्नो भाषा नीति र संस्कृति संरक्षक सम्बर्द्धन गर्ने अधिकार व्यवस्था गऱ्यो । तर नीति बने पनि कार्यान्वयन हुन सकेको छैन ।

*लेखक बहुभाषिक शिक्षा केन्द्रका कोषाध्यक्ष हुन् ।*

# टिनको छानो



■ गायत्री कुलुङ

**आमा पनि कस्तो हुनुहुन्छ, म त्यहाँ मर्न जान लागेको हो र ? म त हल्दारे मामाको ऋण तिर्न र धेरै पैसा कमाएर यो चुहिने छानोमा टिनको छानो हाल्नको लागि पो जाँदैछु त ।**

चारैतिर डाँडाकाँडा, हरियाली, बिचमा बसेको फाँट, त्यहाँको छाँगो-छहरा, अमृतजस्तो चिसो पानी, वनमा कोइलीको कुहु-कुहु आवाज । यी सबै बनावटको संगमले स्वर्गको आभास दिलाउँथ्यो । फुसको छानो भएको पातलो बस्ती, साँच्चै त्यस गाउँलाई हेर्नेहरू सबैले भन्ने गर्थे- यो साम्लीङ गाउँलाई देखेर त स्वर्ग नै पुगेजस्तो लाग्छ ।

भनिन्छ हरेक राम्रो कुरामा कहिँ न कहिँ खोट हुन्छ । त्यस्तै त्यस गाउँको खोट थियो,



धेरैजसो गाउँलेहरूको दयनीय अवस्था ।

साँझको समय, असारको महिना, मुसलधारे परेको पानी, फुसको छानोबाट चुहिएर टप्प-टप्प बजेको आवाज आइरहेको थियो । अर्को कोठाबाट राहुलको आमा दिलमाया अलि दुःखी स्वरमा भन्दै थिइन्- राहुल तेरो पनि विस्तारा भिजिसक्यो होला है बाबु । यहाँ त्यत्ति चुहिएको छैन, यहाँ आएर सुत् ।

'हैन आमा यहीँ ठिक छ । त्यति चुहिएको छैन् ।' - राहुलले भन्यो ।

'ल त्यसो भए सुत् है बाबु । भोलि लक्ष्मीको खेतालो जानु छ ।' आमाले भनिन् ।

यसरी नै आमा छोराको दयनीय तरीकाले त्यो रात कट्यो । बिहान सबेरै आमा छोरा उठेर चुहिएको ठाउँमा परालको त्यान्द्रोले छाउन थाले । त्यति नै बेला गाउँका हुनेखाने हल्दारे बा टुप्लुक्क आइपुगे । दिलमायाले कुच्चिएको मुढा ल्याइदिइन्- 'यहाँ बस्नुहोस् हल्दार बा ।'

आकाशबाट चट्याङ खसेझैं स्वरमा हल्दारबा चिच्याए- 'ए बेशरम, म यहाँ बस्न आको जस्तो लाग्यो ? हैन तेरो लोग्नेले लिएको बीस हजार ऋण कहिले तिर्ने सुरसार छ ? कि लोग्ने बितिहाले, अब तिर्नुपर्दैन भनेर ढुक्क भाकी ?'

हल्दारको यस्तो रुखो व्यवहार देखेर दिलमायाले मलिन स्वरमा भनी- 'हल्दार बा, अहिले दुई छाक टार्नै मुस्किल छ, तत्कालै कहाँबाट ल्याऊँ ? दया गरेर केही महिनाको भाका दिनोस् । हामी आमा छोरा दिन-रात खटेर भए पनि तपाईंको ऋण तिर्नेछौं ।'

त्यस गाउँमा कसैलाई कुनै समस्या परे जी हजुरी गर्न हल्दारेकहाँ पुग्नु पर्थ्यो । तर हल्दारे भने गाउँलेहरूलाई पेलेर आफू मात्र मोज गर्न चाहन्थ्यो । यही मौका छोपी हल्दारेले उनीहरूलाई फँसाउन जाल बुन्न थाल्यो । त्यसैले नरम स्वरमा भन्यो- हेर नानी, तिमी त मलाई आफ्नै बहिनी र तिम्रो छोरा भान्जाजस्तै लाग्छ, मैले त तिमीहरूले यसो भन्दा के भन्छौ भनेर जाँचेको पो त, हेर बहिनी मैले भनेको मान्छौ भने तिमीहरूलाई फाइदै फाइदा हुन्छ ।

यो कुरा सुनेर दिलमायाले आँसु पुछ्दै सोधिन्- 'कस्तो फाइदा हुन्छ हल्दार बा ?'

मलाई अब हल्दार बा हैन दाई भन, अनि राहुलले चै मामा भन्नुपर्छ । राहुल अब केटाकेटी छैन । यसको उमेर पुगिसक्यो, यसलाई विदेश पठाउनुपर्छ, यहाँको कमाईले केही हुन्न । मैले सहरमा एकजना विदेश पठाउने व्यक्तिलाई चिनेको छुँ । त्यसले पठाएको व्यक्तिहरूले महिनाको तीस हजारजति कमाउँछन् ।

दिलमायाले आश्चर्य मान्दै भनिन्- 'राहुललाई विदेश पठाउनु रे ? मैले सुनेको विदेश पठाउन त धेरै पैसा लाग्छ रे । फेरि त्यत्रो धेरै पैसा कहाँबाट ल्याउनु हामीले ?'

'जति चाहिन्छ म दिन तयार छु । के राहुल मेरो भान्जा होइन र ? तर मैले यति सहयोग गरेबापत तिमीहरूले एउटा काम गरिदिनुपर्छ नि ।'- हल्दारेले भन्यो ।

राहुलले जिज्ञासु हुँदै सोध्यो- 'कस्तो काम मामा ?'

हल्दारे खुसी हुँदै अधुरोमै कुरा टुंग्यायो- 'म भोलि फेरि बिहानै यहाँ आउँछु, अनि सबै कुरा भनौला । अहिले लागें है बहिनी ।'

हल्दारे घरतिर लागेपछि राहुलले आमालाई सोध्यो- 'आमा तपाईलाई टिनको छानो भएको घरमा बस्न मन लाग्दैन ?'

दिलमाया खुसी हुँदै भनिन्- 'टिनको छानो भएको घरमा बस्ने रहर कसलाई हुँदैन र लाटा ।'

आमाको यो कुरा सुनेर राहुलले भन्यो- ' आमा टिनको छानो म अवश्य लगाउनेछु । मामाले भन्दै हुनुहुन्थ्यो नि । महिनाको तीस हजार कमाइन्छ रे । आमा म त जसरी भए पनि विदेश जान्छु है ।'

'हेर राहुल, तै होस् मेरो एक्लो छोरा । यस्तै दुःखले गर्दा, तँ गर्भमै छँदा तेरा बाबा बित्नाले तैले एक कक्षासम्म पनि पढ्न पाइनस्, हामीले त पढ्न पाएनौ नै तर तँलाई पनि पढाउन सकेनौं, गोठाले गर्दै तेरो दिन बित्यो, म तँलाई के भनुँ, जे गर्छस् सोचेर गर बाबु ।'-आमाले लामो सास तान्दै भनिन् ।

यसरी नै आमा छोरा टिनको छानो हाल्ने सपना देख्दै निदाए। भोलिपल्ट हल्दारे घरमा आइपुग्यो। हातमा नेपाली कागजको एउटा पन्ना थियो। त्यहाँ केही लेखिएको थियो। अनि उसले मुसुमुस हाँस्दै भन्यो- 'ल बहिनी मैले भनेको हिजोको काम यही हो। यहाँनेर ल्याप्चे लगाउ त ।'

'हैन दाई, यो कस्तो कागज हो ? हामी अनपढलाई त कालो अक्षर भैँसी बराबर भनेझैं मात्र छ।'

'यहाँ मैले तिमीहरूलाई दिने ऋणको बारेमा यति यति मितिमा मैले ऋण लिएको हो भनेर लेखिएको छ, अरु क्यै होइन बहिनी।' उसले चेपारो घस्यो।

दिलमायाले ल्याप्चे लगाइदिइन्। हल्दारे जुँगा मुसार्दै भन्यो- 'भोलि राहुल भान्जालाई अलि चाँडै तयार पारेर मेरो घर पठाउनु। हामी भोलि नै सहर गएर भान्जालाई विदेश पठाइहाल्छौँ।' हल्दारे मख्ख पर्दै घर फर्क्यो।

भोलिपल्ट राहुल विदेश जान तयार भएर झोला बोकी आर्शिवाद लिन आमाको खुट्टामा निहुरियो। दिलमायाको आँखाबाट मोतीजस्ता अविरल आँसुका थोपा राहुलको शिरमा पऱ्यो। राहुलले आफूलाई सम्हालेर रुन्चे स्वरमा भन्यो- 'आमा पनि कस्तो हुनुहुन्छ, म त्यहाँ मर्न जान लागेको हो र ? म त हल्दारे मामाको ऋण तिर्न र धेरै पैसा कमाएर यो चुहिने छानोमा टिनको छानो हाल्नको लागि पो जाँदैछु त।'

ऊ आमासँग विदा भएर हित्तचित्त कुरा मिल्ने बालसखा लक्ष्मीको घरमा पस्यो। लक्ष्मीले पनि गरुंगो मन लिएर विदा गरिन्। ऊ विदाईको हात हल्लाउँदै ओझेल पऱ्यो।

यसरी नै समय बित्दै गयो । राहुल गएको पनि एक महिना बितिसकेको थियो । लक्ष्मी दिलमायालाई घरको काम सघाउन आएकी थिई । दिलमायाले खुसी साटिन्- 'लक्ष्मी अब त राहुलले पैसा पठाउने बेला पनि भइसक्यो। आहा अब त यस्तो छानोमा बस्न पर्दैन, सेतो टलक्क टल्किने टिनको छानोमा बस्न पाइन्छ। केही वर्ष पछाडि उ पनि आउँछ। अनि तिमी पनि यही बस्नेछ्यौँ राहुलसँग बिह गरेर।'

लक्ष्मी केही बोलिनन्, लजाइन् मात्र । लक्ष्मी र दिलमाया यसरी ठट्टा गर्दै हाँस्दै थिए। त्यसैबेला गाउँका शिक्षक पत्रिका लिएर आइपुगे। केही बेरको भलाकुशारी पछि उनले अनकनाउँदै भने- 'अनि नि काकी, कुरा के भने नि। राहुल विदेश जाँदा नक्कली भिसामा पठाइएछ। उसलाई त प्रहरीले जेल हालेको समाचार पो लेखेको छ यो पत्रिकामा। आफ्नो देश भए त एउटा कुरा, विदेश धेरै टाढाको कुरा। कहिले छुट्ने हो कुन्नि ?'

शिक्षकको खबरले दिलमाया डाँको छोडेर रुन थालिन्। छोरा त गुम्यो गुम्यो, घरबारी पनि हरायो। किनकी उनले ल्याप्चे लगाएको कागजमा केही गरि मैले ऋण तिर्न नसके मेरो घर जग्गा हल्दारे बाको नाममा भो भनेर लेखिएको थियो। यो सबै अशिक्षाको परिणाम थियो।

*हालः कक्षा ११*

*श्री जाँते उच्च मावि, जाँते-२, मोरङ*

## हाँस्ने हिमाल

गोर्खालीको देशमा आज यो के भयो
नेपालको वीरता कुन्नि कता गयो।

नझुक्ने शिर आज किन झुक्यो।
गोर्खालीको साहास आज कता गई लुक्यो।

नेपालको शान घट्यो सारा विश्व माझ
विदेशीले गर्छन् अहिले नेपालमा राज।

नेपालीको ईज्जत पहिले आफ्नै हातले फाले
पहिले सधैं हाँस्ने हिमाल अहिले रुन थाले।

**भेटुलाल चेपाङ**

*कक्षा : ६*

*श्री रा.नि. मा. वि. कोराक-१, थाकलटार, चितवन*

## धर्मको अन्याय

अन्यायलाई त्याग गर्नु, ज्यादै ठूलो धर्म
जन्मेपछि गर्नुपर्छ सधैं राम्रो कर्म
पाप धर्म राम्रो बुझी, जसले गर्छ काम
उसको नै माथि हुन्छ भविष्यमा नाम।

धर्मको जीत हुन्छ, यो संसारमा भाई
पाप गर्नु बेकार छ, मानव चोला पाई
दुःखीलाई दया गर्न सक्नुपर्छ भाई
गर्नु हुन्न पाप कर्म आफै मीठो खाई।

दिन्नौं हामी दुःख कत्ति आमा बुवालाई
गृहकार्य गर्नुपर्छ स्कुलबाट आई
मीठो बोली बोल्यौं भने भन्छन् सबले ज्ञानी
बन्दैनौ है चक्चके सबै कुरा जानी

समयमै गर्नुपर्छ राम्रो राम्रो काम
अनि होला जिन्दगीमा हाम्रो ठूलो नाम
धैर्यले सबैलाई दिन्छ सबै ज्ञान
दयाभाव गरेमा सबैले गर्छ मान

**रेखामाया चेपाङ**

*कक्षा : ८*

*श्री रा.नि.मा.वि. कोराक १, थाकलटार, चितवन*

## विदेशको यात्रा

मनोमानी ब्याज काढी पैसा मैले भिक्नु पऱ्यो
बेहाल भएँ अहिले म ऋणै ऋणमा डुब्नु पऱ्यो ।
विदेशमा आए पनि पैसा कमाउन सकिएन
घर-खेत साहुको नाममा स्वदेश जान सकिएन ।
बाबु-आमा बुढा भए, पानी दिने कोही छैन
हुर्काई बढाई ठूलो बनाइ पछि सुख दिने होइन ।
विदेश आएको वर्ष दिनमा पनि ऋण तिर्न सकिएन
सत्य साँचो यथार्थ हो, झुठो पक्कै लेख्या छैन ।

**कृसला केसी**
*गेलु- ३ रामेछाप*
*हालः कक्षा ७, श्री पशुपति निमावि, भुल्भुले*



## देश सेवा

साथीहरू धेरै हुने खेल खेल्न पाईने
गुरुमाले कथा भन्ने कथा सुन्न पाईने
गीत सिकाउने गुरुमाले हामीले सिको गर्ने
रमाईलो हाम्रो कक्षा कोठा बसी रहुँ लाग्ने
देख्दा हामी साना छौं सिक्नमा चतुर छौं
अवसर पाएमा रमाई रमाई सिक्ने छौं
ज्ञान सीप सिक्ने छौं, सक्षम हामी बन्ने छौं
देशको लागि लड्ने छौं, देशकै सेवा गर्ने छौं ।

***चिनीमाया तामाङ***
कक्षा : ७
श्री रा.नि.मा.वि. कोराक १, थाकलटार, चितवन

## माया

आफू पनि बाँचौं अरुलाई पनि बचाउँ
आपसमा मनमुटाव गर्ने बानी अब हटाउँ
भाइ फुटे गवाँर लुटे भन्ने उखान बुझौं
नेपालीले नेपालीलाई माया गर्न सघाउँ ।

**प्रनित खत्री**
*श्री मावि, सिरुल गेलु- १, रामेछाप*

## चाहियो

फोहोर बोक्ने कुरा होईन, मलाई स्कुल जाने
झोला चाहियो
हेला र घृणा होईन, मलाई सबैको माया र
स्नेह चाहियो
हे बाबा आमा, घर खेतको काम मात्र
लगाउने होईन मलाई
विद्यार्थी भई रमाई रमाई मलाई पढ्ने लेख्ने
अवसर चाहियो

**शान्तिमाया स्याङतान**
*कक्षा : ७*
*श्री रा.नि.मा.वि. थाकलटार, चितवन*

## पढौं साथी स्कूल गएर



कापी, कलम, किताब बोकी हिंड्ने हाम्रो काम
धेरै पढेपछि साथी चल्छ हाम्रो नाम

आमा बुवा सारा हुन्छन् गुरु बा र आमा
बजार तिर होइन साथी स्कूल तिर जाऔं

अहिले हामी साना छौं भोलि ठूलो हुनेछौं
पढी लेखि ठूलो भई देशको विकास गर्नेछौं

एक्लो व्यक्ति शिक्षित होइन, हामी सबै हुनु छ
सबैले नाम कमाएर अघि-अघि बढ्नु छ

हामी साना कोपिला हौं भोलि हामी फुल्नेछौं
पढी लेखी जताततै सक्षम भई हिंड्नेछौं

**सरगम लामा,**
***कोराक-९, चितवन***
*कक्षाः ९, राष्ट्रिय मावि स्वामीटार*

## शिक्षाको उज्यालो

अहिले हामी साना छौं भोलि ठूलो हुनेछौं
पढी लेखि ठूलो भई देशको विकास गर्नेछौं
स्कुल हाम्रो मन्दिर हो, पढ्ने हाम्रो काम
फिल्म हलतिर होईन साथी स्कुलतिर जाम
खोलाको पानी सुकेर गयो सुसाएर होईन
हाँसी खुशी पढ्ने गर रिसाएर होईन
पढाई हाम्रो जिन्दगी सधैं होऔं पास
बाबु आमाले गरेका छन् हामीबाट धेरै आश
बास्ना आउने फूल भए बास्ना दिने गर
पढ्ने लेख्ने मन भए स्कुल आउने गर
फुलैफूलको बगैचामा विद्यालय बनाउँला
पढाई मेरो पूरा भए शिक्षक बनुलाँ
कलिला यी पाइलाहरू एक दुई गर्दै चालिसकें
भविष्यको जीवन साथी शिक्षालाई नै रोजिसकें
शिक्षाको यो दियो बोकी हिंड्छु माथि माथि
शिक्षाले कति उज्यालो दिन्छ हेर मेरा साथी ।

**सञ्चमाया तामाङ**
*कक्षा : ९*
*श्री रा. मा. वि. स्वामीटार, कोराक ९, चितवन*



# चेपाङ, तामाङ बस्तीमा पत्रकारिताका कुरा

**चितवन किरनटारका किसान शेरबहादुर तामाङले भने-४ वर्ष पहिलेसम्म हाम्रो गाउँमा सिंचाई, बाटो, बिजुली केही थिएन। उन्नत बीउबीजनबारे जानकारी थिएन। आरआरएनले सबै सुविधा गरेपछि गाउँको मुहार फेरिएको छ। सहकारीमार्फत उसैले पिकअप भ्यान पनि दियो, अहिले हाम्रा चीज बीज बजार लान समस्या छैन।**

■ **कृष्णराज सर्वहारी**

आफूले कलेज पढ्दाताका मात्रै पत्रकारिता सुरु गरियो। अब भने पत्रकारिता गर्न कलेज लाइफ कुर्नै पर्छ भन्ने छैन। गाउँ-गाउँमा बालबालिकाले भित्ते पत्रिकामार्फत् बाल पत्रकारको पहिचान बनाउन थालेका छन्। यसले उनीहरूको सिर्जनात्मक क्षमता त बढाएको छ नै, साथसाथै समाजलाई गहिरिएर नियाल्ने तथा निडर समेत बनाएको छ। विभिन्न संघसंस्थाले बालबालिकालाई तालिमको अवसर जुराइ दिन थालेका छन्।

तिहार लगत्तै आरआरएनले चितवनको किरनटारमा भित्ते पत्रिकाको तालिम आयोजना गऱ्यो, जसमा म प्रशिक्षक थिएँ। पर्सा बजारबाट २ किमी पूर्व वीरेन्द्रनगर चोकबाट उत्तरतर्फ करीब ४५ मिनेट मोटरसाइकलमा गुडेपछि किरनटार पुगियो। गन्तव्यस्थल प्रतिभा किराना पसलमा झोला बिसाउँदा आठ कक्षामा अध्ययनरत सन्तोष गलान र राजकुमार मोक्तान भेटिए, जो पत्रकारिताको तालिमको लागि २ घण्टा हिँडेर आएका थिए। अझ चिसापानी गाउँबाट आउने सहभागीहरूलाई ३ घण्टा हिँड्नुपर्ने रहेछ। किराना पसलका मालिक भीम तामाङका अनुसार करीब ९० घर रहेको किरनटारमा ५० घर चेपाङको बाँकी तामाङ समुदायको रहेछ। तर चेपाङ परिवारका कलेजको ढोका चहार्ने एकजना पनि सदस्य रहेनछन्।



परिचयको क्रममा पत्रकारिता तालिमका २० जना सहभागीमध्ये २ जना मात्रै चेपाङ, बाँकी सबै तामाङ थिए। समाचार लेख्न सिकाउने क्रममा सहभागीहरूलाई आफ्ना गाउँठाउँको समस्या, मुद्दा केलाउन भनियो। केहीले बाटोघाटो पुगेर बजार आउजाउ गर्न सहज भएको, सिँचाई सुविधा पुगेर व्यावसायिक तरकारी खेतीमा किसानहरूको पाइला बढेको, शौचालय बनेर गाउँघर सफा सुघर भएको सुनाए। केहीले भने आमा समूह सकृय भएर जाँडरक्सीको छेलोखेलो तथा जुवातास गाउँघरमा बन्द गराएको बताए। तर यो अभियान क्षणिक हुँदो रहेछ। गाउँघरमा पो प्रतिबन्ध लगाइयो, वनमा खेल्न त प्रतिबन्ध लगाइएको छैन भनेर चिसापानीका गाउँलेहरू वनमा गई आरामसँग जुवातास खेल्दा रहेछन्। प्रशिक्षार्थीहरूले भने- हेरौं समाचार बनाएर टाँसेपछि बानी छुट्ला कि ?

पहिलो दिनको तालिमको समापनपछि किरनटार गाउँका अग्रणी किसान गर्भसिंह चेपाङलाई भेटियो (हेर्नुहोस् तस्बिर)। २०३४ सालमा कृषि विकास कार्यालय, धादिङ चरौदीमा नर्सरीको पियन भएर सिकेको सीप यिनले गाउँमा चरितार्थ पारेको रहेछन्। टाँकी घाँस, कटहर, निबुवा, गोल फूल, बकाइनो लगायत डेढ लाख बोट नर्सरी आफूसँग भएको तिनले जनाए। यी बाहेक बन्दा, काउली, काँक्रो, टमाटर पनि सिजन अनुसार लगाउँदा रहेछन्। विदाको बेला उनले भने- सर, हाम्रो जस्तो समाजलाई त यो जाँडरक्सीले खत्तम पाऱ्यो।

तालिमका एक सहभागीले अर्को अगुवा कृषक शेरबहादुर तामाङबारे जानकारी दिएका थिए। प्लाष्टिक टनेलमा आर्गेनिक टमाटर खेती गरेका डाँफे कृषक समूहका अध्यक्ष समेत रहेका तामाङ बाह्रैमासभरि टमाटर बेच्न पाउँदा दंग थिए। उनले सुनाए- ४ वर्ष पहिलेसम्म हाम्रो गाउँमा सिंचाई, बाटो, बिजुली केही थिएन। उन्नत बीउबीजनबारे जानकारी थिएन। आरआरएनले सबै सुविधा गरेपछि गाउँको मुहार फेरिएको छ। सहकारीमार्फत उसैले पिकअप भ्यान पनि दियो, अहिले हाम्रा चीज बीज बजार लान समस्या छैन।

अर्को दिनको प्रशिक्षणमा मैले गर्भसिंह चेपाङ र शेरबहादुर तामाङजस्ता उत्कृष्ट किसानहरूको उदाहरण दिँदै गाउँ समाज परिवर्तन गर्ने अगुवाहरूका कथा भित्ते पत्रिकाको मुख्य समाचार बनाउनु पर्ने बताएँ। तर भलपानी, थाकलटार, आँपपानी, खहरे, चिसापानीलगायत गाउँका सहभागी विद्यार्थी भाइबहिनीहरूले आफ्नो गाउँको अगुवा कृषकको नाम बताउन सकेनन्। आफ्नो गाउँको नामाकरण कसरी भयो ? कसैले कथा सुनाउन सकेनन्। मैले उनीहरूलाई पहिले आफ्नै गाउँको नामको कथा हजुरबाआमासँग सोधेर भित्ते पत्रिकाको पहिलो अंकमा राख्न सुझाव दिएँ।

राती ३ बजेतिर छिमेकीको कल्याङ बल्याङको आवाजले निद्रा बिथोल्यो। सँगै रहेका आरआरएनका कृषि प्राविधिक मानकुमार चौधरीले जनाए- 'ओढ्ने डसना, सिरक नभएर आगो टापेर जाडो भगाउँछन् सर यी चेपाङहरू।' मैले अघिल्लो दिन किसान गर्भसिंह चेपाङको भनाई झल्झल्ती सम्झें- हाम्रा जातकाले भएको अन्न जाँडरक्सीमै सक्छन्। कहाँबाट लुगाफाटो जोहो गर्नु ? कहाँको छोराछोरी पढाउनु। उनका अनुसार गाउँका ६० प्रतिशत चेपाङहरू क्रिश्चियन भएका छन्। गाउँमा चर्च पनि रहेछ। थाहा छैन, किरनटारका चेपाङ युवाहरू कहिले कलेज जाने हुन् ? र, चर्चको सट्टा आफ्नै धर्म संस्कृतिको बखान लेख्ने हुन् ?

**पत्राचारको लागि ठेगाना**

बाल आवाज त्रैमासिक आरआरएन-प्राथमिक शिक्षा, स्वास्थ्य र पोषण परियोजनाद्वारा प्रकाशित हुन्छ। यसमा बाल अधिकार सम्बन्धी सामाग्री (कथा, कविता, लेख, फिचर, समाचार) निम्न ठेगानामा पठाउनु होला।

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
पो.ब.नं. ८१३०, २८८, गैरीधारामार्ग,
गैरीधारा, काठमाडौं
फोन: ९७७-१-४००४९७६/४००५९८५,
फ्याक्स: ९७७-१-४००४५०८
इमेल: rrn@rrn.org.np,
वेबसाइट: www.rrn.org.np

# बालवृद्धि अनुगमन तालिम

आरआरएन चितवनको आयोजना र आसामान नेपालको सहजीकरणमा प्राथमिक शिक्षा, स्वास्थ्य र पोषण परियोजना अन्तर्गत बालवृद्धि अनुगमन तालिम सम्पन्न भएको छ। तालिममा चितवनको कोराक गाविसका महिला स्वास्थ्य स्वयम्सेविका, स्वाथ्य चौकीका कर्मचारी र स्वाथ्य सेवा सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरू सहभागी थिए। तालिम २०७० माघ २८ देखि फागुन १ गतेसम्म तीन दिन कोराकमा सम्पन्न भएको थियो। स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिलाई थप क्षमतावान बनाउने उद्देश्यका साथ तालिमको आयोजना गरिएको थियो।

यस अघि प्रत्येक २ महिनामा एकपटक मात्र एक वर्ष मुनिका बच्चाहरूको अनुगमन गरिन्थ्यो। जब आरआरएनको शिक्षा, स्वास्थ्य र पोषण परियोजनाअन्तर्गत बाल वृद्धि अनुगमनको तालिम गरियो, तत्पश्चात प्रत्येक महिना ५ वर्षभन्दा मुनिका बालबालिकाहरूको वृद्धि अनुगमन गर्ने कार्यको शुरुवात भएको छ।

यस अनुगमन कार्यबाट कुपोषित बच्चा पत्ता लगाई पोषण शिक्षा पुनर्स्थापना कार्यक्रममा समावेश गरिएको छ। यसबाट थप पोषिलो खाना ख्वाई बच्चालाई पोषिलो बनाउने र अति कुपोषित बच्चालाई पोषण पुनर्स्थापना केन्द्रमा सिफारिस गरिन्छ।

सोही अनुगमनको क्रममा कोराक-८, थामटार निवासी शुकराम प्रजा र शुकमाया प्रजा दम्पत्तिको ७ महिनाको छोरी कुपोषित फेला परिन्। कुपोषित बच्चा अति नै दयनीय अवस्थामा थियो। साथै आमा पनि विगत केही समयदेखि क्षयरोगको शिकार भएको तथा घरको आर्थिक अवस्था पनि निकै कमजोर भएकोले औषधि उपचारमा समस्या थियो। परियोजनाका कर्मचारीको पहलमा चितवनको भरतपुर अस्पतालको पोषण पुनर्स्थापना केन्द्रमा उपचारको लागि सिफारिस गरिएको छ। सो पुनर्स्थापना केन्द्रमा आमा र बच्चाको निःशुल्क स्वास्थ्योपचार भएको छ। दुवैको स्वास्थ्य स्थितिमा सुधारका लागि थप पोषिलो खानाको व्यवस्था गरिने केन्द्रका प्रमुख बबिता खतिवडाले जानकारी दिनुभयो।



*अनुगमनको क्रममा बच्चाको तौल, उचाई र पाखुराको मोटाई नाप्दै महिला स्वास्थ्य स्वयम्सेविका*

## नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) बारे

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) वि.सं. २०५० मा स्थापना भएको एउटा गैरनाफामुखी गैरसरकारी संस्था हो। यसका कार्यक्रमहरू ग्रामीण पुनर्निर्माणका चारपत्रे अवधारणामा आधारित रहेका छन्। जसअनुसार अशिक्षाविरुद्ध लड्न र गरीब जनतालाई सशक्तिकरण गरी अधिकारमा उनीहरूको पहुँच पुऱ्याउनका लागि शिक्षा, गरिबीविरुद्ध जुझ्नका लागि दिगो जीविकोपार्जन, रोगको रोकथाम गरी स्वस्थ समाज निर्माणका लागि स्वास्थ्य र सामूहिक शक्तिको विकास गरी नागरिक नैराश्यतालाई हटाउनका लागि स्वशासन रहेका छन्।

आरआरएनले सहजीकरण, सामाजिक परिचालन तथा स्वसंगठनको निर्माण प्रक्रियाबाट विपन्न वर्गहरू, दलित, अल्पसंख्यक जाति/जनजाति, महिला, किसान तथा बालबालिका र अन्य जोखिममा परेका समुदायहरूसँग काम गर्दै आइरहेको छ। यसका साथै जनताका आर्थिक, सामाजिक, सांस्कृतिक तथा विकासका अधिकारलगायत सबै मानव अधिकारलाई यसले आफ्ना सबै तहका कार्यक्रम, नीति तथा योजनाहरूमा समायोजन गर्ने गरेको छ।

आरआरएन समान उद्देश्य भएका, खासगरी अधिकारमुखी कार्यपद्दति अँगालेका र गरीब केन्द्रित नीतिको वकालत गर्ने नेपाल र नेपाल बाहिरका नागरिक समाजहरूसँग मिलेर काम गर्दछ। यो संस्था कैयन् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालहरूमा सक्रियताका साथ संलग्न रहेको छ।

यही सिलसिलामा हाल आरआरएनले गरिबी उन्मूलनका लागि दक्षिण एसिया मञ्च (SAAPE) र अति कम विकसित राष्ट्रहरूको नागरिक निगरानी मञ्च (LDC Watch) का सचिवालयहरू सञ्चालन गरिरहेको छ भने विश्वव्यापीकरण सरोकार समूह नेपाल, ऋणमोचनका लागि एशिया-प्रशान्त आन्दोलन (Jublilee South /APMDD) आदिमा समेत यसको संलग्नता रहेको छ। यसले विश्व सामाजिक विकास सम्मेलन (सन् १९९५ र सन् २०००) र विश्व खाद्य सम्मेलन (सन् १९९६ र सन् २००२) को नागरिक समाजको राष्ट्रिय सचिवालयको रूपमा समेत कार्य गरिसकेको छ।

*सहयोगी निकायहरू:*

BMZ Federal Ministry for Economic Cooperation and Development

welt hunger hilfe — For a world without hunger

पाउनेको नाम :

ठेगाना :